# जिल्ला विकास समितिको कार्यालय
## गा.वि.स.को अनुगमन प्रतिवेदन

अनुगमन गरिएको गा.वि.स.को नाम : भगवती ।

| मुख्य क्षेत्र | अनुगमन सूचकहरु | अनुगमनमा देखिएको यथार्थ विवरण | सिफारिस ⁄ सुझाव | कैफियत |
|---|---|---|---|---|
| १. जनशक्ति व्यवस्थापन | स्थानीय स्वायत्त शासन ऐनको दफा २४९ वमोजिम सिर्जना गरिएका दरवन्दी र पदपूर्तिको अवस्था र सो को विवरण वि.स.को कर्मचारी संम्वन्धि विवरण (संख्यामा)<br>• प्राविधिक कर्मचारी<br>• प्रशासनिक कर्मचारी<br>• स्थायी/अस्थायी र ज्यालादारीमा भए सो को एकिकृत विवरण ( महिला पुरुष छुट्टिने गरी ) | • दरवन्दी र पदपूर्ती ब्यबस्था नभएको ।<br>• २०५४ साल जेष्ठ १७ देखि का.स. करारमा नियुक्ति भएको । परिषद्बाट नियमित रुपमा म्याद थप गरी काम गराउँदै आएको । | आन्तरिक आयको अवस्थालाई हेरी कार्यबोझको आधारमा दरवन्दी सृजना गरि अत्यावश्यक पदहरुको पदपुर्ति गर्ने तर्फ ध्यान पुर्‍याउनु पर्ने । | |
| | कार्यरत कर्मचारीहरुले निर्धारित तलव भत्ता र पारिश्रमिक वाहेक परिषदवाट निर्णय गराई वा अन्य कुनै तवरवाट निर्णय गरी कुनै किसिमको थप भत्ता सुविधा लिएको भए सो को विवरण, यस्तो थप भत्ता सुविधामा भएको बार्षिक खर्च व्यहोर्ने श्रोत सम्बन्धी विवरण | • अन्य सुविधा नभएको । | गाविसले आप्ना कर्मचारीलाई कार्यबोझको आधारमा आन्तरिक आयवाटमात्र थप सुविधा दिन सक्ने व्यवस्था रहेको । | |
| | संगठन संरचना तयार भै परिषदबाट स्वीकृत भएको भए स्वीकृत भएको मिति, पदपूर्ति समितिको गठन भएको वा नभएको, भएको भए वैठक संख्या र गरिएका निर्णयहरुको सारसंक्षेप<br>कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन नियमित रुपमा गरे नगरेको | • संगठन संरचना तयार छैन ।<br>• पदपुर्ति समिति गठन छैन । | आन्तरिक आय र कार्यबोझको बिश्लेषण गरि संगठन संरचना तयार गरि सोही बमोजिम दरबन्दी स्वीकृत गरि पदपुर्ति समिति गठन गरि क्रियाशिल बनाउनु सान्दर्भिक देखिन्छ । | |
| | कर्मचारीहरुको सम्पत्ति विवरण व्यवस्थित गरी राखे नराखेको अवस्था | • आवश्यक नपर्ने | | |
| | जनशक्ति विकासका लागि तालिम प्रशिक्षण संचालन गर्न बजेटको व्यवस्था भएको भए सो को विवरण | • नभएको । | जनशक्ति विकासका आवश्यक तालिम प्रशिक्षण को लागि नियमित बजेटको व्यवस्था हुनुपर्ने । | |

| मुख्य क्षेत्र | अनुगमन सूचकहरु | अनुगमनमा देखिएको यथार्थ विवरण | सिफारिस ⁄ सुझाव | कैफियत |
|---|---|---|---|---|
| ९. बजेट तथा योजनातर्जुमा | स्थानीय स्वायत्त शासन ऐन, २०५५, नियमावली, २०५६ र गा.वि.स. अनुदान संचालन कार्यविधि बमोजिम परिषदबाट सहभागितामूलक योजना पद्धतिको अबलम्बन गरी योजना तर्जुमा र स्वीकृति भए नभएको स्थिति र परिषद् सम्पन्न भएको मिति | गाउँ विकास योजना तजुमाको लागि पूर्व योजना तर्जुमा गोष्ठी, वडानागरिम मञ्चका बैठकहरु, एकिकृत योजना तर्जुमा समितिको बैठक गाउँ परिषद्को बैठक वसी चालु आ.व.को संशोधित र आगामी आ.व.को लागि समेत बार्षिक गाउँ विकास योजना मिति २०७१ पौष २५ गते गाउँ परिषद सम्पन्न भई स्वीकृत गरेको पाईयो । | बार्षिक गाउँ विकास योजना तर्जूमा गर्दा पूर्व योजना तर्जुमा गोष्ठी गरि योजना तर्जुमाका आधारहरु, नीतिहरु, सूचकहरु र योजना तर्जुमा चरणहरुको कार्ययोजना तयार गरि सो सम्बन्धि सबै सरोकारवालाहरुलाई जानकारी गराई, वस्ती स्तरवाट छलफल हुदै वडा नागरिक मञ्चवाट प्राथमिकीकरण गर्दै विषयगत समितिहरुवाट एकिकृत योजना तर्जुमा समिति समक्ष पेश भई सो समितिमा बिषयगत रुपमा छलफल र प्राथमिकीकरण गरि योजना दस्तावेजलाई सिफारिस गरि गाविस बैठकवाट स्वीकृति गरि गाउँ परिषद्वाट पारित गराउदा मात्र सहभागितात्मक योजना तर्जुमा हुने भएकोले सबै प्रक्रियाहरु अवलम्बन गनुपर्ने देखिन्छ । | |
| | परिषदवाट कार्यक्रम तथा वजेट पारित गर्दा विस्तृत र पूर्ण रुपमा स्थानगत योजना तयार भए नभएको स्थिति र प्रत्येक वोर्ड बैठकवाट योजना छान्ने र वजेट वाँडफाँड गर्ने पद्दतिको अन्त्य भए नभएको स्थिति | परिषद् बैठक बाट योजनागत र स्थानगत रुपमा बजेट विनियोजन गरेको । अबण्डामा बजेट राखि बोर्ड बैठकबाट योजना छान्ने र बजेट बाँडफाँड गर्ने पद्धतीको अन्त्य भएको । | । | |

| मुख्य क्षेत्र | अनुगमन सूचकहरु | अनुगमनमा देखिएको यथार्थ विवरण | सिफारिस ⁄ सुझाव | कैफियत |
|---|---|---|---|---|
| | महिला, वालवालिका, अपाङ्ग, दलित, मधेशी मुस्लिम तथा जनजाति, पिछडा वर्गलाई लक्षित गरी योजना तर्जुमा र सञ्चालन र बजेट रकमको विवरण<br>लक्षित बर्गलाई विनियोजित बजेटबाट संचालित मुख्य मुख्य कार्यक्रमहरुको विवरण | आ.व. २०७०⁄७१ का लागि कुल पुंजीगत अनुदानको ३५ प्रतिशत रकम लक्षित वर्गमा विनियोजन गरेको छ । जस अनुसार, विपन्न महिलाका लागि १० प्रतिशतले रु.१,१२,४००, वालवालिकाका लागि रु.१,१२,४००, दलित, जनजाती, अपागं, जेष्ठ नागरिकका लागि १५ प्रतिशतले हुन आउने रु.१६८६०० बजेट विनियोजन गरेको छ । जसमा सीलाई कटाई, म.स्वा.सेलाई खाजा खर्च, उद्यमी महिला पुरस्कार, आरन सुधार, जनजाती भैरब नाच, आलम मर्मत, पोखरी मर्मत, अपाङ्ग अभिमुखिकरण कार्यक्रम, जेष्ठ नागरिक सम्मान कार्यक्रम रहेका छन् । | समावेशी तर्फको योजना तथा कार्यक्रमहरुको तर्जुमा गर्दा वस्ती स्तरवाटै छलफलमा ल्याई उनिहरुकै सहभागीतामा योजना तथा कार्यक्रमहरुको छनौट गर्दा वास्तविक समस्याको सम्बोधन हुन्छ । आगामी आ.व.को लागि समेत योजनागत रुपमा बजेट विनियोजन गरेको हुनुपर्ने । | |
| | वालमैत्री स्थानीय शासन पद्धति अवलम्वनको अवस्था, वालमैत्री योजना र लगानीको अवस्था, Child Profile तयार भए नभएको, वालमैत्री स्थानीय सूचकको स्थानीयकरण गरे नगरेको । | वालक्लवह गठन भएको । वालमैत्री स्थानीय शासन पद्धति लागु गरिएको छैन । | वालमैत्री स्थानीय शासन पद्धति अवलम्वन गरि वालमैत्री योजना र Child Profile तयार गरि वालमैत्री स्थानीय सूचकको स्थानीयकरण गर्न जरुरी देखिन्छ । | |
| | Village Profile तयार भए नभएको अवस्था | तयार भएको । | Village Profile तयार गरि त्यसलाई नियमित रुपमा अद्यावधिक गरिरहनुपर्ने । | |
| | वजेट तथा कार्यक्रम वनाउँदा यथार्थ श्रोतमा आधारित भई निर्माण गरिएको छ छैन | प्राप्त बजेट सिलिङ्गको परिधि भित्र रही बजेट तथा कार्यक्रम बनाउने गरेको । | | |

<table>
<tr><th>मुख्य क्षेत्र</th><th>अनुगमन सूचकहरु</th><th>अनुगमनमा देखिएको यथार्थ विवरण</th><th>सिफारिस/सुझाव</th><th>कैफियत</th></tr>
<tr><td rowspan="3">३. योजना कार्यान्वयन र व्यवस्थापन</td><td>परिषद्को निर्णय अनुसार गा.वि.स.बाट संचालित आयोजनाको प्रकृत्ति, योजना कार्यान्वयनको अवस्था, उपभोक्ता समिति र ठेक्कापट्टावाट सञ्चालन भएका योजनाको विवरण<br><table><tr><th>क्षेत्र</th><th>संचालन प्रक्रिया</th><th>कार्यान्वयनको अवस्था</th></tr><tr><td></td><td></td><td></td></tr></table><br>योजना/आयोजना संचालनका लागि लगत इष्टिमेट तयारी, उपभोक्ता समिति गठन, संझौता, पेश्की, भुक्तानी प्रकृयाको अवस्था</td><td><table><tr><th>क्षेत्र</th><th>संचालन प्रक्रिया</th><th>कार्यान्वयनको अवस्था</th></tr><tr><td>सडक</td><td>उ.स.</td><td>राम्रो</td></tr><tr><td>खानेपानी</td><td>उ.स.</td><td>राम्रो</td></tr><tr><td>बिद्युतिकरण</td><td>उ.स</td><td>राम्रो</td></tr><tr><td>आयआर्जन तथा सीपविकास</td><td>उ.स.र संस्था</td><td>राम्रो</td></tr></table><br>● आयोजना संचालनको लागि लई तयार भई उ.स.गठन भए पछि सम्झौता भई कार्यसम्पन्न भएपछि अनुगमन भई पे.फ.सहित रकम भुक्तानी गरेको, ल.ई. प्राबिधिकबाटै तयार गर्ने गरेको,<br>● पेश्कि दिने नगरेको/उपभोक्ताहरु माझ भेला गरी काम सहि भए नभएको अवस्था हेरी एकमुष्ट भुक्तानी दिने गरेको ।<br>● उ.स. गठन गर्दा समावेशी प्रतिनिधित्व हुने गरेको ।</td><td>योजनाको अन्तिम किस्ता रकम भुक्तानी गर्दा व्यापक उपभोक्ता भेला वाट सार्वजनिक परिक्षण गराएको हुनुपर्ने ।</td><td></td></tr>
<tr><td>कार्यान्वयन कार्य कार्यतालिका तयार भै समयमै कार्यान्वयनका लागि उ.स./ठेकेदारसंग सम्झौता</td><td>कार्ययोजना नभएको ।</td><td>योजनाको स्वीकृति संगै कार्ययोजना स्वीकृत गरि कार्यान्वयमा ल्याउन जरुरी देखिन्छ ।</td><td></td></tr>
<tr><td>उपभोक्ता समितिलाई तालिम कतिपटक कति जनालाई दिइयो सो को विवरण</td><td>अनौपचारिक रुपमा अभिमुखिकरण गर्ने गरेको ।</td><td>योजनामा बजेट विनियोजन गर्दा उपभोक्ता समितिलाई योजना कार्यान्वयनको विषयमा अभिमुखिकरणको कार्यक्रममा बजेट विनियोजन गरि योजना सम्झौता अगावै कार्यान्वयन गर्न अनिवार्य देखिन्छ ।</td><td></td></tr>
</table>

| मुख्य क्षेत्र | अनुगमन सूचकहरु | अनुगमनमा देखिएको यथार्थ विवरण | सिफारिस ⁄ सुझाव | कैफियत |
|---|---|---|---|---|
| | उपभोक्ताको लागत/श्रम सहभागिता (सम्भव भए औषत प्रतिशत समेत) | औषत २५% लागत श्रम सहभागिता हुने गरेको । | यसलाई वास्तविकतामा परिणत गर्न लाग्नु पर्ने देखिन्छ । | |
| | उपभोक्ता समिति गठन गर्दा सुपरीवेक्षण एवं अनुगमन समितिको गठन जम्मा उपभोक्ता समितिमध्ये कतिवटा उपभोक्ता समितिमा भयो? सो को विवरण | १५ वटा उपभोक्ता समिति गठन र १५ वटै सुपरीवेक्षण तथा अनुगमन समिति गठन भएका । | योजना अनुगमन गरि त्यसमा देखिएको यर्थाविवरण र समितिले त्यसमा दिएको योगदानको बैठक वसी अभिलेखिकरण गर्नुपर्छ । | |
| | समयमै लक्ष्य अनुसार काम सम्पन हुन नसकेका, अधुरा र क्रमागत आयोजनाहरुको विवरण । | सवै योजनाको ल.ई बमोजिमको कार्य समयमै सम्पन्न भएको पाईयो । | | |
| | सरकारी निकायहरु / गै.स.स. संग साझेदारीमा संचालन भएका योजनाको विवरण | खुल्ला दिशामुक्त गाविस घोषणा,<br>पूर्ण खोपयुक्त गाविस घोषणा,<br>घरभित्रको धुँवामुक्त गाविस घोषणाका लागि अभियान सन्चालन,<br>पूर्ण साक्षर गाविस घोषणाको कार्यक्रम गै.स.स.सँगको साझेदारीमा संचालन एवं सम्पन्न भएका । | | |
| | आयोजना मर्मत सम्भारका लागि आवश्यक कोषको व्यवस्था गरेको भएको सो को विवरण | आयोजना मर्मत सम्भारको लागि कोषको व्यवस्था गरिएको छैन । | सम्पन्न योजना मर्मत सम्भारको लागि कार्यबिधि वनाई आवश्यक कोषको व्यवस्थाहुन अनिवार्य छ । | |
| | उपभोक्ता समिति मार्फत सञ्चालित कार्यक्रम ⁄ आयोजनाको कार्यान्वयनमा आई परेका समस्याहरु | समस्या नभएको । | उपभोक्ता समिति तथा समुदाय स्तरमा क्षमता अभिबृद्धिका कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्नुपर्ने हुन्छ । | |

| मुख्य क्षेत्र | अनुगमन सूचकहरु | अनुगमनमा देखिएको यथार्थ विवरण | सिफारिस ⁄ सुझाव | कैफियत |
|---|---|---|---|---|
| ४. योजनाको अभिलेख,प्रतिवेदन,अनुगमन र सुपरिवेक्षण | योजनाको अभिलेखका लागि स्थानीय स्वायत्त शासन नियमावली (आ.प्र.समेत), अनुदान सञ्चालन कार्यविधिले तोकेका फारामहरु अनुसार अभिलेख राख्ने व्यवस्था भए नभएको विवरण | कार्यबिधिले व्यस्थागरे बमोजिम सबै अभिलेखहरु राखेको पाईएन । | योजनाको अभिलेखका लागि स्थानीय स्वायत्त शासन नियमावली ( आ.प्र.समेत),मा तोकिएका र अनुदान सञ्चालन कार्यविधिले तोकेका अनूसूची १५, १६, बमोजिमका अभिलेख राख्ने व्यवस्था अनिवार्य रुपमा मिलाउनु पर्छ । | |
| | आयोजनाहरुको अनुगमन कसरी भएको छ ? यथार्थ विवरण | योजनागत रुपमा गठन भएको अनुगमन समिति वाट अनुगमन भई सिफारिश भएपछि भुक्तानीहुने व्यवस्था भएको । गाविस स्तरीय अनुगमन समिति वाट समेत स्थलगत रुपमा योजनाको अनुगमन हुने गरेको तर कुनै प्रतिवेदन पेश भएको देखिएन । | अनुगम गर्दा सुचकहरु तयार गरि सोही बमोजिम अनुगमन गरि बैठकमा अभिलेखिकरण गरि प्रतिवेदन तयार गर्नुपर्ने । | |
| | गाउँ सुपरीवेक्षण तथा अनुगमन समितिको गठन र क्रियाशिलता | समिति २०७१ पौष २५ मा गाविस स्तरीय सुरीवेक्षण तथा अनुगमन समिति गठन गरिएको छ । सो समितिले योजनाको सुपरीवेक्षण तथा अनुगमन गर्ने गरेको देखिन्छ । । | | |
| | रु.दुई लाख भन्दा वढी लागत भएका आयोजनाहरुको सूचना पाटी राख्ने गरे नगरेका | सूचना पाटी राख्ने नगरेको । | रु.दुई लाख भन्दा वढी लागत भएका आयोजनाहरुको सूचना पाटी राख्ने व्यवस्था अनिवार्यरुपमा मिलाउनु पर्छ । | |
| | मासिक ⁄चौमासिक⁄बार्षिक प्रगति प्रतिवेदन गर्ने व्यवस्थाको नियमितता तथा नगरेको भए कुन कुन महिनाको छैन ? सो को विवरण | व्यक्तिगत घटना दर्ताको मासिक रुपमा पठाएको । अन्य योजना तथा कार्यक्रमको चौमासिक र बार्षिक रुपमा प्रगति प्रतिवेदनहरु पठाउने गरेको । | अन्य प्रगातिहरु पनि मासिक रुपमा पठाउनुपर्ने व्यवस्था भएको सो अनुसार हुनुपर्ने । | |
| | आयोजना लगत खाता र योजना खाता राख्ने गरेको छ छैन सो को विवरण | योजनाको लगत खाता राखिएको छैन । | अनुदान संचालन कार्यविधिमा तोकिए बमोजिम आयोजना लगत खाता र योजना खाता व्यवस्थित रुपमा राख्नु पर्छ । | |
| ५. वित्तिय व्यवस्थापन र श्रोत परिचालन | आन्तरिक स्रोतको अध्ययन, प्रक्षेपण, लक्ष्य र प्रगतिको स्थिति, राजश्व बृद्धिका लागि गरिएका प्रयासहरु | विगतका बर्षहरुमा भन्दा आ.ब.२०७०।०७१ मा ५% ले आन्तरिक श्रोत बृद्धिको अवस्था रहेको । राजश्व बृद्धिका लागि अन्य थप प्रयासहरु नभएका । | आन्तरिक स्रोतको अध्ययन, प्रक्षेपण, लक्ष्य र प्रगतिको स्थिति, राजश्व बृद्धिका लागि गाविस क्रियाशिल हुनुपर्ने । | |

| मुख्य क्षेत्र | अनुगमन सूचकहरु | अनुगमनमा देखिएको यथार्थ विवरण | सिफारिस/सुझाव | कैफियत |
|---|---|---|---|---|
| | परिषद्वाट वजेट वाँडफाँड गर्दा दामासाही वा भागवण्डाको हिसावले वा अवण्डा राखि पछि पटके निर्णयवाट वाँडफाँड गर्ने गरेको भए कुन शीर्षकमा कति रकम राखि कसरी वितरण गरियो सो को विवरण । | अबण्डामा बजेट राख्ने नगरेको । योजना परिषदबाटै छनौट गरी बजेट विनियोजन गर्ने गरेको । | | |
| | अनुदान संचालन कार्यविधि बमोजिम पूँजिगत रकमबाट लगानी निषेध गरिएका क्षेत्रमा कुनै लगानी वा खर्च भएको भए सो को विवरण । | लगानी निषेध गरिएको क्षत्रमा लागानी गरेको पाईएन । | | |
| | लेखा परीक्षणबाट औल्याइएको एवं योजनामा दिईएको वाँकी पेश्कीको विवरण | पेश्कि देखिएन । | | |
| | बेरुजुको अवस्था र फछ्र्यौट भएको र प्रकृयामा रहेको विवरण | बेरुजु देखिएन । | | |
| | कार्यालय आफै वा कर्मचारीवाट अमानतमा गरेको निर्माण तथा खरिद सम्वन्धी काम कारवाही भए सो को विवरण | छैन । | | |
| | गा.वि.स.ले आ.व.को अन्त्यमा रकम फ्रिज नगर्ने मनसायले वा अन्य मनसायले उपभोक्ता समितिको खातामा रकम स्थानान्तरण गर्ने गरिएको वा नियमभन्दा बढी पेश्की दिने गरिएको छ, छैन । | छैन । | | |
| | उपलव्ध गराइएको आर्थिक सहायता, चन्दा, पुरस्कार, संस्थागत अनुदान र विविध खर्चको अवस्था , सो को विवरण र सार्वजनिकीकरण गरिए नगरिएको अवस्था | आ.स.च.पु.को ब्यबस्था नभएको, विवरणहरु दलीय बैठक, कार्यालय परिषर लगायतमा टाँस गर्ने तथा जानकारी गराउने गरेको, गाविस आवाजमा बार्षिक रुपमा सार्वजनिकिकरण गर्ने गरेको । | गाविसका निर्णय , योजना तथा कार्यक्रमहरु समेत संचारका विभिन्न माध्यमहरुको उपयोग गरि चौमासिक रुपमा सार्वजनिक गर्नुपर्ने । | |

| मुख्य क्षेत्र | अनुगमन सूचकहरु | अनुगमनमा देखिएको यथार्थ विवरण | सिफारिस ⁄ सुझाव | कैफियत |
|---|---|---|---|---|
| | आन्तरिक र बाह्य श्रोतको यथार्थ आय बमोजिम चालु (संचालन) र पूँजिगत खर्चको बाँडफाँड ।<br>• आफ्नै श्रोतको यथार्थ आय रु<br>• प्राप्त बाह्य अनुदान<br>• राजश्व बाँडफाँडबाट प्राप्त रकम<br>• अन्य आय<br>जम्मा रकम<br>प्रशासनिक खर्च र पुँजिगत खर्चको रकम र प्रतिशत | • आफ्नै श्रोतको यथार्थ आय रु ४४१५१।-<br>• प्राप्त बाह्य अनुदान पुंजीगत तर्फ रु.१५०१६७५।-, LGCDP-१४८०००।- लगायतको कुल रु.४५,२६,९६६।-<br>• अन्य आय नभएको,<br>• प्रशासनिक ४ लाखमा रु.३,६८,५३९ खर्च भएको,<br>• पूँजीगत ११,६४,६७५ मा सबै खर्च भएको । | | |
| | आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षणको अवस्था | मिति २०७१।१२।२६ मा अन्तिम लेखापरीक्षण भएको | | |
| | धरौटी खाता अध्यावधिक गरी राखिएको छ छैन र सो वाट अन्यत्र रकम सापटी लगि खर्च गर्ने गरे नगरेको | धरौटीको खाता नरहेको । | | |
| | कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गर्ने गरिएको छ छैन | त.भ. बजेट परिषद्वाट स्वीकृत गरिएको छ | | |
| ८. अचल सम्पत्ती व्यवस्थापन र संरक्षण | आफ्नो स्वामित्वमा रहेका सम्पूर्ण अचल सम्पत्तीहरुको अद्यावधिक अभिलेख, रेखदेख र सदुपयोगको अवस्था | भएको, गाविसको जग्गाको लालपुर्जा छैन । | गाविसको जग्गाको स्रेस्ता कायम गरि अभिलेख तयार गर्नुपर्ने देखिन्छ । | |
| | जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश गरेको मिति र प्रतिवेदनमा उल्लेखित मुख्य सवालहरु | म.ले.प. प्रतिवेदनमा विवरण उल्लेख भएको, ब्यबस्थित जिन्सी निरीक्षण हुने नगरेको । | प्रत्येक आ.व.सकिएको पहिलो हप्तामा जिन्सि निरिक्षण गराई प्रतिवेदन तयार गर्नुपर्ने । | |
| | जिन्सी निरक्षण प्रतिवेदन अनुसार मर्मत गर्नुपर्ने तथा लिलाम गर्नुपर्ने सरसामानहरुका सम्बन्धमा भएको कारवाही | प्रतिवेदन नभएको । | प्रतिवेदन तयार गरि सोही बमाजिम कारवाही अगाडि बढाउनुपर्ने । | |
| | भवन, सम्पत्ती, मेशीन उपकरण आदि हानीनोक्सानी हुन नदिन भएका व्यवस्थाहरु | भवन संरक्षणका लागि बाउण्ड्री निर्माण गर्ने लक्ष्य रहेको । | | |

| मुख्य क्षेत्र | अनुगमन सूचकहरु | अनुगमनमा देखिएको यथार्थ विवरण | सिफारिस⁄सुझाव | कैफियत |
|---|---|---|---|---|
| | चल अचल सम्पति, जग्गा, भवन आदि अनाधिकृत रुपमा कसैले कव्जा गरी वसेको सो को विवरण र हटाउन गरिएका प्रयास | त्यस्तो नभएको | | |
| | कार्यालय/आवास/परिसर आदिको उपयुक्त सरसफाई र संरक्षणको अवस्था , सुधार गर्नुपर्ने कुरा | सरसफाई मध्यम खालको रहेको | | |
| ७. जनतामा सेवा प्रवाह, सुशासन र पारदर्शिता | नागरिक वडापत्र अद्यावधिक गर्ने कार्य र सेवा प्रदान भए नभएको अवस्था | नागरिक बडापत्र अद्यावधिक गरि राखिएको । | | |
| | उजुरी पेटिकाको व्यवस्थापन | छैन । | कार्यालयमा सर्वसाधरणको पहुंच हुनेगरि खुल्ने समय र उजुरी गोप्य रहने व्यवस्थापन गरि उजुरी पेटिका खाख्न अनिवार्य छ । | |
| | मन्त्रालयवाट जारी कार्यविधि निर्देशिका एवं परिपत्रको पालनाको अवस्था | कार्यविधि र निर्देशिकाको पालना भएको, परिपत्रको पालना भएको । | निर्देशिका र कार्यविधिहरु पुर्णरुपमा पालना गनुपर्ने । | |
| | भए गरेका निर्णयहरुलाई सार्वजनिक गरिए नगरिएको अवस्था | सुचनापाटी र विभिन्न भेलाहरुमा निणर्य सार्वजनिक गरेको । | भएगरेको कार्यहरु विभिन्न संचारमाधयमहरको उपयोग गरि सर्वसाधरणले थाहा पाउने गरि सार्वजनिक हुन जरुरी रहेको । | |
| | प्राप्त परिपत्रहरु सबै कर्मचारी, सर्बदलिय संयन्त्रका पदाधिकारी र सम्वद्ध सरोकारवालाहरुलाई नियमित रुपमा जानकारी गराएको स्थिति | प्राप्त परिपत्रहरु सर्वदलिय बैठक र अन्य सरोकारवालाहरुलाई जानकारी गराई कार्यान्वयन गर्ने गरेको । | जानकारी गराएको र सो सम्बनधमा भएको निणर्य मान्युटमा अभिलेखिकरण हुनुपर्छ । | |
| | सार्वजनिक सुनुवाई भयो, भएन भएको भए कतिपटक भयो ? सो को विवरण | सार्वजनिक सुनुवाई भएको पाईएन । | सेवाग्राहीको गुनासो सुनी कार्यप्रक्रियामा सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाई गर्नुपर्ने । | |

<table>
<tr><th>मुख्य क्षेत्र</th><th>अनुगमन सूचकहरु</th><th>अनुगमनमा देखिएको यथार्थ विवरण</th><th>सिफारिस⁄सुझाव</th><th>कैफियत</th></tr>
<tr><td rowspan="3"></td><td>कार्यान्वयन गरिएका आयोजनाहरुको सार्वजनिक परीक्षण गरे नगरेको</td><td>विधिवत सार्वजनिक परीक्षण नगरेको, योजना सम्पन्न पश्चात उपभोक्ताहरुलाई भेला बोलाई उपभोक्ता समितिले मौखिक जानकारी गराउने गरेको भन्ने भनाई तर अभिलेखिकरण भएको पाइएन ।</td><td>सार्वजनिक परिक्षणको ढांचा अनुदान संचालन कार्यविधिमा उल्लेख गरिएको ढांचामा गराएर मात्र योजनाको अन्तिम किस्ता रकम भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने ।</td><td></td></tr>
<tr><td>न्यूनतम शर्त (MC) पुरा गरे नगरेको ? पुरा नगरेको भए सो को विवरण</td><td>पुरा गरेको ।</td><td>कार्यसम्पानमा ध्यान पर्याउनुपर्ने ।</td><td></td></tr>
<tr><td>गाविसबाट सञ्चालित कार्यक्रम, आयोजना र वजेटको सार्वजनिकीकरण भएका माध्यमहरुको विवरण (कुनमा कति पटक के के सार्वजनिक भयो)</td><td>गाविस सूचना पाटी र गाविस आवाज बुलेटिनमा बार्षिक रुपमा प्रकाशन गरी सार्वजनिकिकरण गर्ने गरेको ।</td><td>गाविस आवाज सर्वसाधारणको पहुंचमा पुग्न कठिनाई देखिएकोले संचारका अन्य माध्यमहरु समेत उपयोग गर्नुपर्ने ।</td><td></td></tr>
<tr><td rowspan="3">८. सामाजिक सुरक्षा, पञ्जिकरण र सामाजिक परिचालन</td><td>सामाजिक सुरक्षा भत्ता पाउने लक्षित वर्गको विवरण (वाल संरक्षण अनुदान सहित )</td><td><table>
<tr><th>विवरण</th><th>चालु आवमा</th></tr>
<tr><td>पुर्ण अपाङ्ग</td><td>५</td></tr>
<tr><td>आंसि अपाङ्ग</td><td>१</td></tr>
<tr><td>एकल महिला</td><td>१६४</td></tr>
<tr><td>जेष्ठ दलित</td><td>२७</td></tr>
<tr><td>जेष्ठ नागरिक</td><td>२६०</td></tr>
<tr><td>वाल संरक्षण</td><td>३३</td></tr>
</table></td><td></td><td></td></tr>
<tr><td>मरेको वा वसाई सरेको वा हुदै नभएका व्यक्तिको नाममा भत्ता वितरण भए नभएको, भएको भए सो को विवरण</td><td>व्यक्तिगत घटना दर्ता अभिलेख र सामाजिक सुरक्षा भत्ता वितरणको भपाई भिडाई हेर्दा त्यस्तो भएको पाईएन ।</td><td>यसको सर्न्दभमा आकस्मिक घरदैलो कार्यक्रम समय समयमा गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको नामावली प्रकाशन गरे नगरेको स्थिति</td><td>पूस्तिका प्रकाशन गरी अद्यावधिक गरि राखेको ।</td><td>सर्वसाधरण र सरोकारवालाहरुको पहुंचमा हुनुपर्ने ।</td><td></td></tr>
</table>

| मुख्य क्षेत्र | अनुगमन सूचकहरु | अनुगमनमा देखिएको यथार्थ विवरण | सिफारिस/सुझाव | कैफियत |
|---|---|---|---|---|
| | सामाजिक सुरक्षा भत्ता वितरण को अनुगमनका लागि गरिएको व्यवस्था | टोल टोलमा गाविस सचिव स्वयं उपस्थित भई सर्वदलीय रोहबरमा भत्ता वितरण गर्ने गरेको । | यसको लागि वडानागरिक मंचवाट अनुगमन गराई गाविस हुदै जिल्ला विकास समितिमा यसको प्रतिवेदन रहनु सार्न्दभिक हुन्छ । | |
| | सामाजिक सुरक्षा भत्ताको पेश्की बेरुजुको अवस्था र फछ्र्यौटको विवरण | पेश्कि बेरुजु नरहेको । | | |
| | सामाजिक सुरक्षा भत्ताको रकम वजेट निकासा लिने तर समयमा वितरण भए नभएको सो को विवरण | समयमै निकासा लिई समयमै वितरण हुने गरेको | | |
| | सामाजिक सुरक्षा भत्ता लिनेको विवरण निर्देशिका वमोजिमको अभिलेखमा अद्यावधिक स्थिति | अद्याबधिक छ । | अझ बढि व्यवस्थित गर्नुपर्ने । | |
| | चालु आ.व.मा व्यक्तिगत घटना दर्ताको संख्या र सो को विवरण | वसाइ सराई गएको २३, आएको : छैन, विवाह : ६३, मृत्यु: ४०, जन्म: २४९, मासिक रुपमा यससम्बन्धी विवरण जिविसमा पठाउने गरेको । | | |
| | व्यक्तिगत घटना दर्ताको र सामाजिक सरक्षा भत्ताको प्रगति सम्वन्धित निकायमा नियमित रुपमा नपठाएको भए कुन कुन महिनाको हो ? सो को विवरण | व्यक्तिगत घटना दर्ताको प्रगति मासिक रुपमा पठाउने गरेको । सामाजिक सुरक्षाको प्रगति चौमासिक र बार्षिक रुपमा पठाउने गरेको देखियो । | | |
| | सामाजिक परिचालन सम्बन्धी सन्चालित क्रियाकलापहरुको विवरण | | | |
| | सामाजिक परिचालन सम्बन्धी कार्यक्रमहरुको आयोजना लगानी विवरण तालिका स्वीकृतीको अवस्था | व.ना.म. गठन भएका । ना.स.के. १ वटा गाविसमा गठन भई क्रियाशिल रहेको,<br>३।३ महिनामा नियमित बैठक र केही वडाहरुमा १५।१५ दिनमा र केहीमा १।१ महिनामा बैठक हुने गरेको । | सामाजिक परिचालनको माध्यमवाट प्राथमिकीकरण र बजेट विवरण तालिका वनाई स्वीकृत गरेको हुनुपर्ने र बैठकलाई नियमित रुपमा गर्ने ब्यबस्था मिलाउनु पर्ने । | |
| | वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको गठन र सञ्चालन सम्बन्धी व्यवस्था | सबै वडा नागरिम मंच र सचेतना केन्द्र गठन भएको | | |

| मुख्य क्षेत्र | अनुगमन सूचकहरु | अनुगमनमा देखिएको यथार्थ विवरण | सिफारिस/सुझाव | कैफियत |
|---|---|---|---|---|
| ९. अन्य | अनुगमन टोलीले आवश्यक देखेका अन्य विषय | | | |

प्रतिवेदकः

हस्ताक्षरः

अनुगमन टोलीका संयोजकः

सदस्यः

सदस्यः

मितिः